## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २४ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहको पश्चिम बंगाल भ्रमण हाललाई स्थगित गरिएको छ।
२. गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले गिंग हनुमान डाँड़ा खेल मैदानमा आयोजित एक कार्यक्रममा पूर्ण भएका विभिन्न योजनाहरुको उद्घाटन अनि नयाँ योजनाहरुको शिलान्यास गर्नुभयो।
३. खरसाङकी वरिष्ठ साहित्यकार आशा मुखिया लामालाई दक्षिण सिक्किम साहित्य सम्मेलनबाट 'नेपाली साहित्य सम्मान' द्वारा सम्मानित गरिएको छ।
४. रिम्बिक लोधोमा क्षेत्रको सक्रिय साहित्यिक संस्था मुस्कान समूहले आगामी 29 मार्चको दिन अन्तर्राष्ट्रिय साहित्यिक कार्यक्रम काव्य उत्सवको आयोजना गर्ने भएको छ।
५. खरसाङ महकुमा अन्तर्गत गाडीधुरा संलग्न बुढीपाइ क्षेत्रमा आज आगो लागेको छ।

**अमित शाह**

केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहको पश्चिम बंगाल भ्रमण हाललाई स्थगित गरिएको छ। सुरुवाती तालिका अनुसार गृहमन्त्री मार्च २९ को राति कोलकाता पुग्ने अनि मार्च ३० मा भाजपाको धेरै महत्त्वपूर्ण बैठकहरूमा भाग लिने कार्यक्रम थियो तर अब ईद पर्वका कारण यो भ्रमण स्थगित गरिएको छ। प्रदेश भाजपा अध्यक्ष सुकान्त मजुमदारले अमित शाह चाँडै बंगालको भ्रमण गर्ने र नयाँ कार्यक्रम चाँडै घोषणा गरिने बताउनु भयो। उल्लेखनीय छ कि पश्चिम बंगालमा अर्को वर्ष विधानसभा चुनाव हुँदैछ। यस्तोमा अमित शाह मात्र नभई भाजपाका अन्य केन्द्रीय नेताहरूले पनि नियमित रूपमा राज्यको भ्रमण गर्नेछन्। यो भ्रमण यसकारण पनि महत्त्वपूर्ण थियो किनकि भाजपाले चाँडै नै आफ्नो नयाँ प्रदेश अध्यक्षको घोषणा गर्न लागेको छ। वर्तमान प्रदेश अध्यक्ष सुकान्त मजुमदार केन्द्रमा मन्त्री छन् र भाजपाको 'एक व्यक्ति, एक पद' नीति अन्तर्गत उहाँ लामो समयसम्म प्रदेश अध्यक्ष रहन सक्दैनन्। हालै, पश्चिम बंगाल भाजपाले २५ संगठनात्मक जिल्लाका अध्यक्षहरूको सूची जारी गरेको छ, जसमा १५ नयाँ अनुहारहरू समावेश छन्। राज्यमा भाजपाको कुल ४३ संगठनात्मक जिल्लाहरू छन्, जसमा ४२ लोकसभा र २९४ विधानसभा सिटहरू छन्। पूर्ण सूची जारी भएपछि नयाँ प्रदेश अध्यक्षको नाम घोषणा गरिनेछ।

****** ० ******

**सीमामा घुसपैठ**

पश्चिम बंगालको मुर्शिदाबाद जिल्लाको अन्तर्राष्ट्रिय सीमा नजिकै रहेका गाउँहरूमा सुरक्षा एजेन्सीहरूलाई उच्च सतर्कतामा राखिएको छ। प्रतिबन्धित बंगलादेशी आतंकवादी समूह जमात-उल-मुजाहिदीन बंगलादेश (JMB) र हिज्बुत-तहरीर (HuT) का सदस्यहरूले भारतीय सीमामा घुसपैठ गर्ने प्रयास गरिरहेको गुप्तचर स्रोतहरूबाट प्राप्त जानकारीपछि यो कदम चालिएको हो।स्रोतका अनुसार, जेएमबी र एचयूटीका धेरै सक्रिय सदस्यहरूले बंगलादेशको राजशाही र चपाई नवाबगंज जिल्लाबाट साना समूहमा मुर्शिदाबाद हुँदै भारतीय सीमामा प्रवेश गर्ने योजना बनाइरहेका छन्। तिनीहरूको उद्देश्य यहाँ पहिले नै अवस्थित स्लीपर सेलहरूलाई पुन: सक्रिय गर्नु हो। सीमा सुरक्षा बल (BSF) लाई पनि खतराको बारेमा जानकारी गराइएको छ र मुर्शिदाबाद र मालदा जिल्लाहरूमा सीमामा सुरक्षा बढाइएको छ।

****** ० ******

**अनित थापा-उद्घाटन**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले गिंग हनुमान डाँड़ा खेल मैदानमा आयोजित एक कार्यक्रममा पूर्ण भएका विभिन्न योजनाहरुको उद्घाटन अनि नयाँ योजनाहरुको शिलान्यास गर्नुभयो। उद्घाटन अनि शिलान्यास

कार्य जिटिए सभाका विद्युत एवं उर्जा विभागको कार्यकारी सभासद योगेन्द्र प्रधानको उपस्थितिमा गरियो। लेबोङ्ग बदमताम समष्टि क्षेत्रमा शिलान्यास गरिएको विभिन्न विकास कार्यहरूको सूचीमा फुटबल मैदानलाई फिफा मापदण्डसम्म विस्तार गरिने, गोलाई बजारदेखि गोलाई गाउँ (चिहान) वार्ड नम्बर ३२, सम्मको सडकको पूर्ण मर्मत्ती, माजिटार रोड, कटारा गोलाई देखि एस एस के, नया बस्टी, बदामताम सम्म बिटुमिन सडक निर्माणलगायत अन्य रहेको छ। यी परियोजनाहरूको कुल लागत रू १२० करोडको रहनेछ। त्यसरी नै रू ३३,९९२,३०७.९५ मा पूर्ण गरिएको विभिन्न योजनाहरुको पनि अनित थापाका ा बाहुलीबाट उद्धाटन गरियो। जसमा दार्जिलिङ पुलबजार ब्लक (L-930m) दार्जिलिङ अन्तर्गत लामासदेखि माथिल्लो धजय, बहामतम टीई सम्मको सडक निर्माण, स्वास्थ्य तथा परिवार कल्याण, GTA, (RIDF FUND) अन्तर्गत उप-केन्द्र गिङ (स्वास्थ्य तथा कल्याण केन्द्र) को लागि सुस्वस्थ्य २ केन्द्रको नयाँ निर्माण, आर्थिक वर्ष २०२२-२३ मा बिजनबारी ब्लकमा रहेको बच्छाबारीदेखि एसएसकेसम्मको ३ पूर्वाधार सुदृढीकरण आदि रहेको छ।

****** ० ******

**गोरामुमो**

२०२६ को बिधानसभा चुनाव अघि नै  गोर्खाहरुको मुद्दाको परिणाम आएको हुन पर्छ भनी गोर्खा राष्ट्रिय मुक्ति मोर्चा दार्जीलिङ ब्राञ्च कमिटी अध्यक्ष एम जे सुब्बाले भारत सरकार प्रति आफ्नो माग राख्नु भएको छ । सुवास घिसिङ स्मृति पार्क मञ्जु मिरिकमा सुवास घिसिङ स्मृति पार्कको संरक्षण हेतु आयोजित एक कार्यक्रम बीच सुब्बाले यसो भनेका हुन । केन्द्रमा रहेको बिजेपी सरकारलाई गोर्खाले दीर्घकालीन मुद्दा फत्ते गराउनको निम्ति सघाएको हो अनि अब धर्म निभाउने समय आएको छ भने श्री सुब्बाले पत्रकारहरुलाई बताए । उक्त कार्यक्रममा बिधायक एवं गोरामुमो केन्द्रीय समिति सेक्रेटरी जनरल निरज जिम्बा लगायत दार्जीलिङ ब्राञ्च कमिटी अन्तर्गत चौध वटा समष्टि कमिटीका प्रतिनिधि साथै कार्यकर्ता हरुको बाक्लो उपस्थिति रहेको थियो।

****** ० ******

**पत्रकारहरूमाथि दुर्व्यवहार**:

पत्रकारहरूमाथि दुर्व्यवहार गरेको आरोपमा रिपोर्टर्स क्लब अफ पोख्रेबोङले धिरेन थापाविरुद्ध पुलिस चौकीमा प्राथमिकी (FIR) दर्ता गराएको छ। क्लबले यस घटनालाई प्रेस स्वतन्त्रतामाथि हमला भन्दै दोषीमाथि कडा कानुनी कारबाहीको माग गरेको छ। पुलिस प्रशासनले छानबिन अघि बढाइसकेको जनाएको छ।

****** ० ******

**आशा मुखिया लामा**

खरसाङकी वरिष्ठ साहित्यकार, गोर्खा सांस्कृतिक संस्थान् खरसाङकी अध्यक्ष, समाजसेवी साथै साहित्य अकादमी नेपाली भाषा परामर्श समितिकी सदस्य आशा मुखिया लामालाई दक्षिण सिक्किम साहित्य सम्मेलनबाट 'नेपाली साहित्य सम्मान' द्वारा सम्मानित गरिएको छ। आज दक्षिण सिक्किम साहित्य सम्मेलनको 30 औं स्थापना दिवस कार्यक्रममा विभिन्न साहित्यकारहरुसितै उहाँलाई पनि सम्मानित गरिएको हो। दक्षिण सिक्किमको नाम्चीस्थित अफिसर्स क्लबमा आयोजित सिक्किम राज्य स्तरीय पुरस्कार अलङ्करण समारोहमा उहाँलाई 'नेपाली साहित्य सम्मान' द्वारा सम्मानित गरिएको छ। उक्त कार्यक्रम दक्षिण सिक्किम साहित्य सम्मेलनको पूर्व अध्यक्ष एंव वर्तमान सल्लाहकार डा नयन राईको अध्यक्षता र वरिष्ठ साहित्यकार एंव शिक्षाविद् धन 'निर्दोष' सुब्बाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। सम्मेलनको महासचिव सुरेश सुब्बा 'वियोगी' को सञ्चालनमा सम्पन्न कार्यक्रममा स्वागत सम्भाषण दक्षिण सिक्किम साहित्य सम्मेलनको अध्यक्ष दलमान डी गुरुङले राखेका थिए। साहित्यकार आशा मुखिया लामाको संक्षिप्त परिचय सन्ध्या छेत्रीले राखेकी थिइन्। कार्यक्रममा उनीसितै असमका वरिष्ठ साहित्यकार केबी नेपाली, सोरेङ पश्चिम सिक्किमका प्रकाश भट्टराई, देन्ताम पश्चिम सिक्किमकी रिक्की ल्हमु लेप्चा, मणिपुरका राहुल राई 'बोगिको' र सुम्बुकका विक्रम किशोर गौतमलाई पनि नेपाली साहित्य सम्मानद्वारा सम्मानित गरिएको छ।

****** ० ******

**फोहोर व्यवस्थापन माथि पोष्टर प्रतियोगिता**

हिल्दारी संस्थाको आयोजनामा आज दार्जीलिङमा अन्तर विद्यालय पोष्टर बनाउने प्रतियोगिता सम्पन्न गरियो । फोहोर व्यवस्थापनको भविष्यलाई सुदृढ पार्ने, छुट्याउने, पुन: उत्पादन गर्दै  नवीनता प्रदान गर्ने मुल उद्देश्य रहेको यस प्रतियोगितामा दार्जीलिङका  १२ वटा विभिन्न बिद्यालयका विद्यार्थीहरुले अंश ग्रहण गरेका थिए ।दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरी को उपस्थिति मा सम्पन्न यस  प्रतियोगितामा बिजयी विद्यार्थीहरुलाई मोमेन्टो ,प्रमाणपत्र नगरपालिका अध्यक्ष को बहुली बाट

प्रदान गरियो । फोहोर व्यवस्थापन माथि जागरूकता बढाउन यस प्रकारको चित्रकला प्रतियोगिता आउने दिनमा पनि गरिने संस्थाको तर्फ बाट सोहेल इस्लामले जानकारी गराएका छन ।

****** ० ******

**अन्तर्राष्ट्रिय साहित्यिक कार्यक्रम**

रिम्बिक लोधोमा क्षेत्रको सक्रिय साहित्यिक संस्था मुस्कान समूहले आगामी 29 मार्चको दिन अन्तर्राष्ट्रिय साहित्यिक कार्यक्रम काव्य उत्सवको आयोजना गर्ने भएको छ। कार्यक्रम बाँसबोटेस्थित सार्वजनिक भवनमा सम्पन्न हुनेछ। उक्त कार्यक्रम बृहत अनि ऐतिहासिक हुने आयोजक पक्षको दाबी छ। कार्यक्रममा नेपाल राष्ट्रसाथै सिक्किम लगायत स्थानीय जिटिए क्षेत्रवाट साहित्यिक टोलीहरुको उपस्थिति रहने जानकारी प्राप्त भएको छ। कार्यक्रमको तैयारीबारे जानकारी दिदै समूहका अध्यक्ष कमल भट्टराईले नेपालको राजधानी काठमाडौंवाट नेपाल प्रज्ञा प्रतिष्ठान, देवकोटा लुसुन प्रतिष्ठान साथै जरा फाउन्डेसनलाई प्रतिनिधित्व गर्दै साहित्यिक टोलीको उपस्थिति रहने तथा झापावाट पनि साहित्यकारहरु सामेल हुने बताउनु भएको छ। अर्कोतिर, मुस्कान समूहका सचिव सुरेन सुब्बाले क्षेत्रमा पहिलो चोटि अन्तर्राष्ट्रिय स्तरको कार्यक्रम भइरहेको भन्दै कार्यक्रम ऐतिहासिक हुने बताउनु भयो। उहाँले कार्यक्रम मार्फत नेपाल अनि भारतीय नेपाली समुदायबिच साहित्यिक बैचारिकी आदनप्रदान गरिने जनाउनु भयो। स्मरण गराइन्छ धेरै बर्षदेखि मुस्कान समूहले क्षेत्रको साहित्यिक गतिविधिहरुमा व्यापक उपस्थिति दिइरहेको छ भने क्षेत्रका नवोदित कवि, लेखकहरुलाई पनि उचित मंच अनि प्रोत्साहन दिने गरेको छ।

****** ० ******

**शहीद दुर्गा मल्ल जिल्ला अस्पताल**

शहीद दुर्गा मल्ल जिल्ला अस्पतालका सहायक अधिक्षकमाथि शाररिक हमला भएको घटनालाई केन्द्र गरेर मध्यान्हपख दार्जीलिङमा सनसनी मचियो। घटनामा सामान्य घाइते बनेका सहायक अधिक्षकको हाल सीसीयु-मा उपचार चलिरहेको सूत्रबाट थाहा लागेको छ। अर्कोतिर घटनाका हमलावारलाई पुलिसले कब्जामा लिएको जानकारी छ। यता सहायक अधिक्षक अनि कर्मचारीबीच भएको उक्त घटनालाई आन्तरिक मामिला बताउँदै मिडियासामु बोल्न अस्पताल प्रशासनिक पक्षले असमर्थता प्रकट गरेका छन् भने हालसम्म प्राथमिकी दर्ता नभएको कारण यसबारे खुलाउने पक्षमा पुलिस प्रशासन तयार छैन। तथापि स्वास्थ्य अधिकारीहरुमाथि भएको यस्तो घटनाले पहाडमा चिकित्सकहरुको सुरक्षामाथि प्रश्न चिन्ह खडा गरिदिएको छ। यस्तो घटनाको कारण रोग विशेषज्ञहरु पहाड चड्नअघि एकचोटि सोच्न बाध्य हुने सरोकारहरुको मत छ।

****** ० ******

**स्मल फुड कार्ट एशोसिएसन**

स्मल फुड कार्ट एशोसिएसन, दार्जीलिङ माटोको माया सेवा संस्था , जन कल्याण समाज, मिरिक रनर्स ईमिसिएटिभ, ट्याक्सी ड्राईभर एशोसिएसन अनि विभिन्न संघ संस्थाको संयुक्त पहलमा आज मिरिक झीलको ड्याम परिसरमा व्यापक सफाई अभियान सम्पन्न भयो। संस्थाका सदस्यहरूले ड्याम परिसरमा थुप्रिएको फोहोर मैला सफा गरेका छन्। उनीहरूले गत केही दिन अघिदेखि सो क्षेत्रको सुन्दरीकरण गर्ने कार्य गर्दै आइरहेका छन्। यता पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा स्मल फुट कार्ट एशोसिएसनका अध्यक्ष ए. टी. राई अनि माटोको माया सेवा संस्था मिरिकका संयोजक मनिन्द्र गोर्खा सुब्बाले मिरिकलाई सुन्दर अनि सफा राख्नुका लागि सम्पूर्ण मिरिकवासी अघि आउनु पर्ने बताए।

****** ० ******

**बुढीपाइमा आगो**

खरसाङ महकुमा अन्तर्गत गाडीधुरा संलग्न बुढीपाइ क्षेत्रमा आज आगो लागेको छ। आज बिहानैदेखि लागेको आगोले उग्र रूप लिएको अनि गाडीधुरा बाहुनी पोखरी बन क्षेत्रलाई विशेष प्रभावित पारेको थाहा लागेको छ। आगोका कारण धेरै वन्यप्राणी एवम् वन्य सम्पदाहरूलाई नोक्सान पुऱ्याएको आशङ्का गरिएको छ। स्थानीय मानिसहरू अनुसार आगो कतिबेला अनि कुन कारणले कारणले लाग्यो त्यस्तो थाहा नभए जानकारी प्राप्त भएको छ| स्मरण रहोस केहि दिन अघि मात्रै लंगभ्यु चियाबारीमा पनि आगो लागेको थियो, यसरी बारम्बार आगो लागेको कारण स्थानीय तथा बुद्धिजीवीहरुले चिन्ता व्यक्त गरिरहेका छन्|

****** ० ******